# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
३ नं. प्रदेश, नेपाल
Province No. 3, Nepal

Telephone 01-1412112, 01-1412113, 01-1412114


प. सं.: ०७६।०७७ मितिः २०७६।१२।१६

च. नं. १७५१

## मण्डनदेउपुर नगरपालिकाको अत्यन्त जरुरी सुचना !

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमण रोकथामका सिलसिलामा मण्डनदेउपुर नगरपालिका विपद व्यबस्थापन समितिको मिति २०७६।१२।१६ गतेको निर्णयानुसार मितिः २०७६।१२।१८ गते देखि लकडाउन अबधिभर यस नगरपालिकाको क्षेत्रभित्र सम्पूर्ण सवारी साधन लगायत व्यक्तिहरुको आवत जावतमा रोक लगाइएको हुँदा निम्न कार्यहरु नगर्न नगराउन जानकारी गराईन्छ । रोक लगाइएका कार्यहरु गरे गराएको पाइएमा कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

१. कुनैपनि व्यक्ति नगरपालिका क्षेत्रबाट बाहिर नजान र बाहिर बाट नगरपालिका क्षेत्रभित्र प्रवेश नगर्न हुन ।
२. बस, ट्रक, टिपर, साना गाडिहरु, मोटरसाईकल लगायतका कुनै पनि सवारी साधनहरु नगरपालिका क्षेत्रभित्र प्रवेश नगर्न नगराउन र संचालन नगर्नु हुन ।
३. अत्यावश्यक सामग्रीहरु बाहेक सवै किसिमका होटल, पसल लगायतका व्यवसायहरु बन्द गर्नु हुन ।
४. घर भन्दा वाहिर ननिस्कन, बाटो, सडक, गल्ली, चोक, पसल आदिमा अनावश्यक रुपमा नजान, जमघट नगर्न, अत्यावश्यक काममा समेत ५ जना भन्दा बढी जमघट नहुन नगराउन ।
५. मानिसको जमघट भई संक्रमण बढ्ने सम्भावना भएकोले सहकारीहरुले दुध नभर्न नभराउनु हुन । तरकारी आयात निर्यात समेत नगर्न नगराउन हुन र निश्चित समयमा दुरी कायम गरेर मात्रै वेच्ने व्यवस्था मिलाउन हुन ।
६. विदेशबाट आएका व्यक्ति भएमा नगरपालिकामा जानकारी गराउन हुन र कम्तिमा दुई हप्ता होम क्वारेन्टाइनमा बस्न बसाउन हुन ।

७६।१२।१६

.............................
(प्रणराज न्यौपाने)
**प्रमुख प्रशासकीय अधिकृत**
प्रमुख प्रशासकीय अधिकृत